मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोनः-०४८-५४०११२

प.सं.:-०७९/८०
च.नं.:-

## सेवा करारमा स्वास्थ्यकर्मी पदपुर्ति सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९/०५/१०)

मन्थली नगरपालिका र अन्तर्गतका स्वास्थ्यसंस्थाहरुको लागि देहाय बमोजिमका पदमा सेवा करारमा स्वास्थ्यकर्मीहरु पदपुर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन वा मिति २०७९/०५/२४ गते भित्र कार्यालय समयमा लोकसेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं | पद | तह | संख्या (जना) | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | ४/०७८/७९ | फार्मेसी सहायक | सहायक पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | मन्थली नगर अस्पताल |
| २ | ५/०७८/७९ | ल्याव टेक्निसियन | सहायक पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थल्यावमा प्रमाणपत्रतह उत्तीर्ण वा एस.एल.सी/ एस.ई.ई. उत्तीर्ण गरी ल्याब टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण । | मन्थली नगर अस्पताल |
| ३ | ६/०७८/७९ | ल्याव असिष्टेन्ट | सहायक चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई. उत्तीर्ण गरी ल्याब टेक्निसियनको २ वर्षको कोर्ष उत्तीर्ण । | गेलु प्रा.स्वा.केन्द्र |

**१.आवश्यक कागजातहरु:**
(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि (ग) तालिमका प्रमाणपत्रका प्रतिलिपीहरु (घ) अनुभवका कागजातहरु (ङ) नगरपालिकामा राजश्व वुझाएको भरपाइ ।

**३. उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको।

**४.दरखास्त फारम लोकसेवा आयोगको वेभ साइट www.psc.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**५. दरखास्त दस्तुर :** फार्मेसी सहायक र ल्याव टेक्निसियन (सहायकस्तर पाचौं) को लागि ५०० र ल्याव असिष्टेन्ट (सहायकस्तर चौथो) को लागि रु. ४००/- नगरपालिकाको राजश्व उपशाखामा नगदै वुझाउन वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरेको सक्कलै भरपाइ पेश गर्नुपर्ने ।

**६. छनौटको किसिम :** संक्षिप्तसूचि प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको सूचनापाटी र वेभसाइटमा सूचना प्रकाशन गरिनेछ ।

**८. सेवा तथा सुविधा :** नगरपालिकाको नियमानुसार करार सम्झौतामा उल्लेख भए बमोजिम ।

**९. करार अवधि :** २०७९ पौष मसान्त सम्म (सो अवागै स्थाइ नियुक्ति भइ आएमा स्वतः समाप्त हुने) ।

१०. संक्षिप्त सूचि प्रकाशन गर्दा स्थानीय, सम्वन्धित कामको अनुभव भएका, महिला, दलित, जनजातिलाई प्राथमिकता दिइनेछ ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको प्रशासन/स्वास्थ्य शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशाशकीय अधिकृत